# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०७ | आइतवार, २७ वैशाख, २०८३ | Sunday, 10 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## कोहलपुरमा अतिक्रमण हटाउन सुरू

कााँक्रेविहार संवाददाता
बाँके, २६ वैशाख

बाँकेको कोहलपुर नगरपालिका क्षेत्रमा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन सुरु गरिएको छ । नगरप्रमुख पूर्णप्रसाद आचार्यले सुकुम्वासीका नाममा जग्गा अतिक्रमण गरी बसोबास गरेकालाई हटाउन सुरु गरिएको जानकारी दिए ।

हालसम्म नगरपालिकाको सम्पर्कमा ६० परिवार वास्तविक भूमिहीन सुकुम्वासी आएको र उनीहरूको व्यवस्थापनका लागि होल्डिङ सेन्टरमा अस्थायी बसोबासको व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

नगरप्रमुख आचार्यका अनुसार वडा नं ११ स्थित कोहलपुर नगर विकास समितिको कोहलपुर ३ (ख) अन्तर्गत करिब ३६ बिघा क्षेत्रफल (क्रिकेट मैदान आसपास) जग्गा अतिक्रमण गरी सात सय ५१ परिवार घरटहरा बनाएर बसिरहेका छन् । तीमध्ये अव्यवस्थित बसोवासी चार सय १६, भूमिहीन दलित एक सय ७२ र भूमिहीन सुकुम्वासी एक सय ६३ जना रहेको उनले बताए ।

'बस्ती विकास तथा बसोबासका क्रममा केही व्यक्ति तथा विचौलियाको संलग्नतामा नक्कली कागजात तयार गर्ने, जग्गा किनबेच गराउने तथा आर्थिक लाभ लिने गतिविधि भएको भनेर उजुरी पनि आएका छन् । सो सम्बन्धमा सम्बन्धित निकायबाट अनुसन्धान जारी छ', उनले भने ।

यसैबीच, नगर क्षेत्रका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी वर्षौंदेखि बसोबास गर्दै आएका वास्तविक सुकुम्वासी तथा भूमिहीन दलितको पहिचान गर्न सुरु गरिएको छ । नगरपालिकाले एउटा अभिलेख व्यवस्थापन समिति गठन गरेर घरधुरीको अवस्था, बसोबास अवधि, आर्थिक अवस्था, अन्यत्र जग्गाजमिन भए नभएकोलगायत विषय अध्ययन गरिरहेको छ ।

त्यहाँ बसिरहेका परिवारको तथ्यांक संकलन तथा कागजात प्रमाणीकरणको काम अघि बढाएको समितिका संयोजक सुनिता सुनारले जानकारी दिए । केही व्यक्तिले आफूलाई भूमिहीन दाबी गरे पनि अन्यत्र घरजग्गा रहेको तथ्य भेटिए त्यस्ता व्यक्तिलाई सूचीबाट हटाइने उनले बताए ।

### वीरेन्द्रनगरको अर्धशतकः

## पश्चिम नेपालको 'उदाउँदो शहर' तर्फ उन्मुख

कााँक्रेविहार संवाददाता
सुर्खेत, २६ वैशाख

कर्णाली प्रदेशको राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले शुक्रबार आफ्नो स्थापनाको ५० वर्ष (अर्धशतक) पूरा गरेको छ । वि.सं. २०३३ सालमा सुर्खेत उपत्यकाभित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायतभित्र पर्ने केही भागलाई मिलाएर वीरेन्द्रनगर नगर पञ्चायत घोषणा गरिएको थियो । नेपाल सरकारले २०७१ वैशाख २५ गतेको निर्णयबमोजिम साबिकका उत्तरगंगा र लाटीकोइली गाविसलाई गाभेर विस्तारित नगर घोषणा गरिएको दिनलाई नगरपालिकाले स्थापना दिवसको रुपमा मनाउँदै आएको हो । स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा नगर प्रमुख मोहनमाया ढकालले प्रदेश राजधानीका रुपमा मात्र नभई पश्चिम नेपालको उदाउँदो शहरका रुपमा नगरले आफ्नो पहिचान स्थापित गरेको दाबी गरिन् । उनले २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचन यता नगरमा विभिन्न उपलब्धिहरु हाँसिल गरेको भन्दै अधिकांश ठूला योजनाहरु उल्लेखनीय रुपमा अगाडी बढेको दाबी गरिन् ।



ढकालका अनुसार नगरपालिकाले शिक्षाको दश वर्षे रणनीति तयार गरी स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । वीरेन्द्रनगरलाई शैक्षिक हब बनाउने उद्देश्यले मध्यपश्चिम विश्वविद्यालयसँग वार्षिक दुई करोड रुपैयाँको सहकार्य गरिएको उनले बताइन् । उच्च शिक्षामा पहुँच विस्तार तथा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम लागू गरिएको उनको भनाइ छ ।

उनले बुलबुले उद्यानको थप विकास, ताल विस्तार र बोटिङ सेवा व्यवस्थापन गरिएको जानकारी दिइन् । भेरी नदी किनारमा आर्यघाट तथा प्रतिक्षालय निर्माण, घण्टाघर पार्क र दक्षिण पार्क निर्माण, बसपार्क विस्तार तथा कर्णाली बसपार्क निर्माण प्रक्रिया अघि बढाइएको उनले बताइन् । साथै, मिलन पार्क निर्माण, गोदामलाइन पार्किङ निर्माण तथा वीरेन्द्रचोकमा ट्राफिक लाइट जडानले सहर व्यवस्थापनमा सहजता ल्याएको उनको भनाइ थियो ।

नेताचोक-आँखा अस्पताल सडक स्तरोन्नति, सडक बत्ती विस्तार तथा उज्यालो नगर अभियानले नगरको सौन्दर्यसँगै सुरक्षा व्यवस्थामा सुधार आएको ढकालले बताइन् । सहर सुरक्षाका लागि विभिन्न स्थानमा सिसिटिभी क्यामेरा जडान गरिएको उनले जानकारी दिइन् ।

कर्णाली प्रदेशकै पहिलो आकाशेपुल मंगलगढी चोकमा निर्माणाधीन अवस्थामा रहेको र भेरी पम्पिङ खानेपानी आयोजना तीव्र गतिमा अघि बढिरहेको उनको भनाइ थियो । उक्त आयोजनाले उपत्यकामा वर्षौंदेखि रहेको खानेपानी अभाव समाधान गर्न सहयोग पुग्ने विश्वास उनले व्यक्त गरिन् ।

स्वास्थ्य क्षेत्रमा निःशुल्क स्यानेटरी प्याड वितरण, 'हेलो गर्भवती आमा' कार्यक्रम तथा विपन्न नागरिकलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको उनले बताइन् । रक्तसञ्चार केन्द्र सुर्खेतसँगको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था गरिएको उनको भनाइ छ ।

ढकालले नगरपालिकाको एकीकृत प्रशासनिक भवन निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिँदै सबै वडामा भवन निर्माण तथा वडा तहसम्म विद्युतीय सुशासन विस्तार गरिएको बताइन् । प्रशासनिक प्रणालीलाई आधुनिक बनाइएको र योजनाको व्यवस्थापन प्रभावकारी बनाउन सफ्टवेयर प्रणाली लागू गरिएको उनको भनाइ थियो ।

उनका अनुसार वडास्तरमै योजना सम्झौता गर्ने व्यवस्था मिलाइएको छ भने अनुगमन तथा सुपरिवेक्षण समितिबाट मूल्यांकन गरेपछि मात्रै भुक्तानी दिने प्रणाली लागू गरिएको छ । नगरको समग्र विकासलाई मार्गदर्शन गर्न पञ्चवर्षीय योजना पनि तयार गरिएको उनले बताइन् ।

फोहरमैला व्यवस्थापनमा वैज्ञानिक प्रणाली सुरु गरिएको तथा हरियाली प्रवर्द्धन, प्रदूषण नियन्त्रण र वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिइन् । विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, सचेतना कार्यक्रम तथा उद्धार संयन्त्रलाई सुदृढ बनाइएको उनको भनाइ थियो ।

बालमैत्री स्थानीय शासनअन्तर्गत बालबालिकाको अधिकार सुनिश्चित गर्ने नीति तथा कार्यक्रम लागू गरिएको ढकालले बताइन् । शिव मन्दिर, कााँक्रेविहार, बुलबुले, गढी तथा गुम्बालगायत सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, पूर्वाधार विकास र प्रवर्द्धनका काम भइरहेको उनको भनाइ थियो । ती क्षेत्रमा सडक, खानेपानी, सरसफाइ, विश्रामस्थल तथा सूचना केन्द्र निर्माण गरिएकाले पर्यटक आकर्षण बढेको उनले बताइन् ।

स्थानीय तह सञ्चालनका लागि आवश्यक ऐन, कानुन तथा नीति निर्माण गरी कार्यान्वयनमा ल्याइएको उनले जानकारी दिइन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्यांकनमा वीरेन्द्रनगरले ६१.८६ अंकसहित सुर्खेत जिल्लामै दोस्रो स्थान हासिल गरेको उनको भनाइ थियो ।

संघीय सरकार, कर्णाली प्रदेश सरकार तथा विकास साझेदारसँग समन्वय गरी सडक सञ्जाल विस्तार, चक्रपथ निर्माण र पर्यटकीय क्षेत्र प्रवर्द्धनका योजना अघि बढाइएको ढकालले बताइन् । अन्तरसरकारी वित्त परिषद्, राष्ट्रिय विकास परिषद् तथा खानेपानी मन्त्रालयका बैठकमार्फत वीरेन्द्रनगरका समस्या र आवश्यकताबारे संघीय सरकारको ध्यानाकर्षण गराइएको उनको भनाइ थियो ।

यद्यपि तीव्र शहरीकरण, बढ्दो जनसंख्या, सीमित स्रोत-साधन र बढ्दो सेवा माग अझै चुनौतीका रुपमा रहेको उनले स्वीकार गरिन् । भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन भए पनि भूमि आयोग सक्रिय नहुँदा काम अघि बढ्न नसकेको उनले बताइन् । ढकालले चुनौतीका बाबजुद वीरेन्द्रनगरलाई दिगो, समावेशी, व्यवस्थित र नमुना सहर बनाउने अभियानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिन् ।

भूमिहीन सुकुम्बासीमाथिको ज्यादती बन्द गर्न मुख्यमन्त्रीको आग्रह

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले सरकारी जग्गा खाली गराउने नाममा भूमिहीन सुकुम्बासीमाथि भइरहेका ज्यादती बन्द गर्न सरकारलाई आग्रह गरेका छन् । वीरेन्द्रनगर नगरपालिकाको ५०औँ स्थापना दिवसका अवसरमा आज आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले जनतालाई कानुन कार्यान्वयनको नाममा नागरिकलाई आतंकित बनाउने गतिविधि बन्द हुनुपर्ने बताएका हुन् । उनले लोकतान्त्रिक व्यवस्थामा जनताले सुरक्षित र आश्वस्त महसुस गर्न पाउनुपर्ने भए पनि पछिल्लो समय सुकुम्बासी व्यवस्थापनको नाममा नागरिक उकुसमुकुसको अवस्थामा पुगेको टिप्पणी गरे ।

उनले वास्तविक अवस्था अध्ययन नगरी सुकुम्बासी बस्ती खाली गराउने कार्यले सर्वसाधारण त्रसित बनेको बताए । 'लोकतन्त्रमा जनताको आवाज दबाउने प्रयास हुनु हुँदैन,' उनले भने, 'जनताले सुरक्षित महसुस गर्नुपर्ने हो, तर अहिले उनीहरू भय र अन्योलमा छन् ।'

मुख्यमन्त्री कँडेलले भूमिहीन तथा सुकुम्बासीको समस्या क्रमशः समाधान हुने प्रकृतिको भएको उल्लेख गर्दै दीर्घकालीन र व्यवहारिक समाधान खोज्नुपर्ने धारणा राखे ।

प्रतिनिधिसभा सदस्य रमेशकुमार सापकोटाले निर्वाचित भइसकेपछि यो पार्टी त्यो पार्टी भन्दापनि जनताका साझा मुद्दामा काम गर्नुपर्ने बताए । उनले वीरेन्द्रनगरको विकासका लागि आफ्नो तर्फबाट समन्वय र सहकार्य गर्ने प्रतिवद्धता पनि जनाए ।

## कर्णालीका जनप्रतिनिधिसँग अन्तरसरकार सम्बन्धबारे छलफल

कााँक्रेविहार संवाददाता
सुर्खेत, २६ वैशाख

कर्णाली प्रदेश सरकारले यहाँ स्थानीय तह तथा जिल्ला समन्वय समितिका जनप्रतिनिधिहरूसँग अन्तरसरकार सम्बन्धका सवालमा छलफल गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम सहयोग एकाइद्वारा आज सुर्खेतमा वीरेन्द्रनगरमा आयोजित 'जिसस महासङ्घ, नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घहरूसँग अन्तरसरकार सम्बन्धका सवालमा समन्वय बैठक'मा छलफल गरिएको हो ।



उक्त छलफलमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले समान बुझाइका आधारमा अगाडि बढ्ने प्रयास, चासो, सहयोगका लागि समन्वय तथा सहकार्य गर्ने उद्देश्य राखेर तीन तहका महासङ्घसँगका पदाधिकारी तथा सदस्यहरूसँग सुझाव लिन छलफल गरिएको बताए ।

उनले भने, "नीति र व्यवस्थामा भएका कुरा तथा कार्यान्वयनमा देखिएका समस्याका विषयमा छलफल गर्न समन्वय बैठक गरिएको हो । विद्यमान त्रुटि सुधारको प्रयासमा हामी छौँ । संविधान मुताविकको काम सबै सरकारले गर्नु पर्दछ ।

स्थानीय तहसँग प्रत्यक्ष सम्बन्ध राख्ने कानून निर्माण गर्दा सहकार्य गरेर अगाडि बढ्न, संविधानतः समन्वय, सहकार्य र सहअस्तित्व मूल मर्मलाई पछ्याउन र भएका समस्या समाधानका लागि प्राविधिक तथा व्यवहारिक आधारमा छलफल चलाउनु पर्दछ ।"

छलफलमा जिल्ला समन्वय समितिलाई कामयावी बनाउनुपर्ने, सदस्यहरूको सेवासुविधा हेरफेर गर्नुपर्ने, स्थानीय तहको राजस्व सङ्कलन र बाँडफाँट, स्थानीय तहमा भइरहेको नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा निकासीका लागि निर्माण गर्नुपर्ने कानुन, प्रदेशबाट सञ्चालित योजनाहरूको कार्यान्वयन तथा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४को नीति तथा कार्यक्रमले तय गर्ने बजेट र योजनाका बारेमा छलफल भएको थियो ।

## सुर्खेत १३२ केभी प्रसारणलाइन विद्युत सेवा अवरूद्ध

कााँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २६ वैशाख

केही दिनअघि आएको भीषण हावाहुरीका कारण ढलेको ठूलो रुखले कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनमा क्षति पुऱ्याउँदा कर्णाली प्रदेशमा विद्युत सेवा अवरुद्ध भएको छ ।

कर्णालीमा विद्युत आपूर्ति हुने कोहलपुर-सुर्खेत ३३ केभीए प्रसारण लाइनमा पनि हावाहुरीले क्षति पुऱ्याउँदा कर्णालीका अधिकांश जिल्लामा विद्युत सेवा अवरुद्ध भएको जनाइएको छ । रुख कटान, जग्गा भोगाधिकारलगायत कानुनी अल्झनका कारण झण्डै पाँच वर्ष लगाएर निर्माण गरिएको प्रसारण आयोजना तीन महिना अधिमात्रै सञ्चालनमा आएको थियो ।



आयोजना प्रमुख रविकुमार चौधरीका अनुसार बाँके राष्ट्रिय निकुञ्जको चिसापानी क्षेत्रमा हावाहुरीपछि ढलेको रुखले प्रसारण लाइनका दुई वटा पोलमा क्षति पुगेको छ । उनले मर्मतका लागि घटनास्थलमा प्रहरी, निकुञ्ज कर्मचारी तथा प्राविधिक टोली खटिएको जानकारी दिए । 'हावाहुरीले प्रसारण लाइनका दुई वटा पोलहरू लडाएको छ,' चौधरीले भने, 'अहिले सबै पक्ष मिलेर मुचुल्का तथा प्राविधिक मूल्यांकनको काम गरिरहेका छौँ ।'

उनका अनुसार ठुलो क्षति भएकाले मर्मत कार्यमा दुई महिना बढी समय लाग्न सक्ने देखिएको छ । 'अब फाउन्डेसनदेखि नै काम सुरु गर्नुपर्ने अवस्था छ । पूर्ण रूपमा पुनर्निर्माण गर्न करिब डेढ महिना लाग्न सक्छ,' चौधरीले भने ।

मुख्य प्रसारणलाइन अवरुद्ध भएपछि अहिले वैकल्पिक रूपमा कोहलपुर-सुर्खेत ३३ केभी लाइनमार्फत विद्युत आपूर्ति गरिने तयारी भइरहेको उनले जानकारी दिए । यस्तै, कैलालीबाट ल्याइएको ३३ केभी प्रसारण लाइनबाट विद्युत आपूर्ति गर्ने प्रयास जारी रहेको उनले बताए ।

## बजेटका लागि सुझाव संकलन पोर्टल सञ्चालन

कााँक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको छ ।

आगामी सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लेटफर्मको सुरुआत गरिएको हो ।

यस पोर्टलका माध्यमबाट देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीतिनिर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्वपूर्ण रायसुझाव सिधै सरकारसमक्ष पेस गर्न सक्नेछन् ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारको नीतिनिर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो ।

दाहालले यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगिने स्पष्ट पारेका छन् ।

जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक' गर्ने विशेष सुविधा यस प्रणालीमा समावेश गरिएको छ ।

## सम्पादकीय

# व्यवस्थापनविना हटाउने अभियानले थप संकट

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण राज्यको दायित्व हो । सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमण नियन्त्रण गर्नु कानुनी शासनको अनिवार्य पक्ष पनि हो । तर यही नाममा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई वैकल्पिक व्यवस्था नगरी हटाउने प्रयासले अहिले सुर्खेतमा गम्भीर सामाजिक तनाव सिर्जना गरेको छ । गृह मन्त्रालयको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरूले सरकारी तथा सार्वजनिक जमिन खाली गराउने प्रक्रिया अघि बढाएका छन् । वीरेन्द्रनगर र भेरीगंगाजस्ता क्षेत्रमा सातदिने अल्टिमेटम नै जारी भएको छ । डोजर चलाउने चेतावनी दिनु तथा अस्थायी संरचना हटाउन दबाब बढाउनु प्रशासनिक दृष्टिले सामान्य देखिए पनि यसको मानवीय पक्ष अत्यन्त संवेदनशील छ । सार्वजनिक जग्गा संरक्षण आवश्यक भए पनि राज्यले एउटा मूल प्रश्नको उत्तर दिनैपर्छ, जो वर्षौंदेखि त्यही जमिनमा आश्रित हजारौँ परिवार कहाँ जाने ? दशकौंदेखि बसोबास गर्दै आएका नागरिकलाई एकाएक हटाउँदा उनीहरूको आवास मात्र होइन, जीविकोपार्जन, बालबालिकाको शिक्षा, सामाजिक सुरक्षा र भविष्य नै संकटमा पर्छ । दैनिक ज्यालादारी गरेर जीवन धानिरहेका परिवारका लागि घर गुम्नु भनेको सम्पूर्ण आधार गुम्नु हो ।

सुर्खेतमा सरकारी तथा ऐलानी जमिन अतिक्रमणको समस्या नयाँ होइन । बाबियाचौर, तरङ्गा, साझघाटलगायत क्षेत्रका धेरै परिवार वर्षौंदेखि कानुनी स्वामित्वविहीन अवस्थामा बस्दै आएका छन् । राज्यले समयमै स्पष्ट भूमि नीति, पुनःस्थापना योजना र व्यवस्थित आवास कार्यक्रम लागू गर्न नसक्दा समस्या झन् जटिल बनेको हो । २०७८ सालसम्मको तथ्यांकले सुर्खेतमा १४ हजारभन्दा बढी भूमिहीन तथा अव्यवस्थित बसोबासी परिवार रहेको देखाउँछ । जसमा भूमिहीन सुकुमबासी र दलितको संख्या चार हजार ९० तथा अव्यवस्थित बसोबासीको संख्या नौ हजार ९३८ रहेको उल्लेख छ । केहीले लालपुर्जा पाए पनि अधिकांश अझै अनिश्चिततामै छन् । यस्तो अवस्थामा बलपूर्वक हटाउने अभियानले समस्या समाधानभन्दा असन्तोष बढाउने सम्भावना बढी हुन्छ । सुर्खेतमा यसअघि पनि सरकारी जमिन खाली गराउने प्रयास भएका थिए। २०८० फागुनमा वीरेन्द्रनगर बजार क्षेत्रका गोदामलाइन, हङकङ बजार र हटिया लाइनका करिब १२५ पसल डोजर लगाएर हटाइएका थिए । नगर विकास समितिको जमिन भाडामा लिएर सञ्चालन गरिएका ती संरचना हटाइएपछि साना व्यवसायी प्रभावित भएका थिए । त्यसअघि घण्टाघर क्षेत्रदेखि मध्यपश्चिम विश्वविद्यालय आसपाससम्म रहेका अस्थायी टहरा हटाउने प्रयास भए पनि केही राजनीतिक दलका कार्यालय भने अझै सरकारी जमिनमै रहेको स्थानीयको गुनासो छ ।

वास्तविक अवस्था अध्ययन नगरी बस्ती खाली गराउँदा नागरिक त्रसित बनेका छन् । लोकतान्त्रिक व्यवस्थामा कानुन कार्यान्वयनको नाममा जनतालाई भय र असुरक्षामा धकेल्न मिल्दैन । राज्यले कानुन लागू गर्दा मानवीय संवेदनशीलता, सामाजिक न्याय र नागरिक अधिकारलाई समान रूपमा महत्व दिनुपर्छ । अर्कोतर्फ राजनीतिक संरक्षणमा वर्षौंदेखि सरकारी जमिन अतिक्रमण भइरहँदा राज्य प्रभावकारी बन्न नसकेको यथार्थ पनि छ । कतिपय स्थानमा अझै राजनीतिक दलका कार्यालय सरकारी जमिनमै रहेका छन् । यदि राज्यले कमजोर र गरिबमाथि मात्र कठोरता देखाउने तर शक्तिशाली अतिक्रमणकारीप्रति मौन रहने हो भने कानुनी शासनप्रतिको जनविश्वास कमजोर हुन्छ । यसकारण अहिले आवश्यक कुरा टकराव होइन, दीर्घकालीन समाधान हो । सरकारले वास्तविक भूमिहीन, सुकुमबासी र योजनाबद्ध रूपमा अतिक्रमण गर्ने समूहबीच स्पष्ट भिन्नता छुट्याउनु पर्छ । वास्तविक पीडितका लागि पुनःस्थापना, व्यवस्थित आवास, रोजगारी र लालपुर्जा वितरणको स्पष्ट योजना ल्याइनुपर्छ । त्यसपछि मात्रै सार्वजनिक जमिन संरक्षण अभियान प्रभावकारी र न्यायपूर्ण बन्न सक्छ । सार्वजनिक सम्पत्ति जोगाउनु जति आवश्यक छ, नागरिकलाई बिचल्लीमा पर्न नदिनु पनि त्यत्तिकै महत्वपूर्ण दायित्व हो । तर व्यवस्थापनविनाको हटाउने अभियानले समस्या समाधान होइन, नयाँ सामाजिक संकट जन्माउने खतरा बढाइरहेको छ । यसतर्फ राज्यले गम्भिर भएर सोच्नुपर्छ ।

# कस्तो हुनुपर्छ सरकारको शैक्षिक सुधारको मार्गचित्र?



डा. पेशल खनाल

राष्ट्रिय स्वतन्त्र पार्टीको झन्डै दुई-तिहाइको बलियो सरकार निर्माण भएपछि अब शिक्षा क्षेत्रका तमाम् बेथिति र समस्या सम्बोधन हुने अपेक्षा गरिएको छ।

हाम्रो विद्यालय र उच्च शिक्षामा बग्रेल्ती समस्या छन्, र तिनको समाधान कहाँबाट र कसरी सुरू गर्ने भन्ने आम चासोको विषय बनेको छ। तर, यी समस्यालाई समग्र रूपमा नकेलाई वा एकीकृत मार्गचित्र, योजना र कार्यक्रम निर्माण नगरी छुट्टाछुट्टै रूपमा टिपेर सम्बोधन गर्ने प्रयासले दीर्घकालीन र ठोस परिणाम दिन सक्दैन।

उदाहरणका लागि, हाल कक्षा ४-५ मा आन्तरिक तथा पालिकास्तरमा परीक्षा नलिने र निरन्तर मूल्यांकनमार्फत सिकाइको लेखाजोखा गर्ने निर्णय गरिएको छ। तर, यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले हतारमा कक्षा १-३ कै ढाँचामा मूल्यांकन प्रणालीको खाका बनाइरहेको भन्ने सुनिन्छ। जबकि कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसारको मूल्यांकन प्रणाली नै विभिन्न अध्ययनले अत्यन्त बोझिलो र अव्यावहारिक रहेको देखाइसकेको छ।

त्यसैले, समस्या पहिचान र समाधानबीच आवश्यक समन्वय र गहिरो विश्लेषण नगरी शैक्षिक समस्यालाई एकाङ्गी रूपमा टिपेर समाधान दिनु टालटुले उपाय मात्र हुन जान्छ। शिक्षाका चुनौतीहरूलाई सम्पूर्णतामा बुझ्दै, दीर्घदृष्टि सहितको एकीकृत सुधार मार्गचित्र निर्माण गर्न व्यापक बहस र विभिन्न सरोकारवाला र निकायबीच सहकार्य आवश्यक छ।

यस लेखमा शैक्षिक समस्या समाधानका मूलभूत पक्षहरूलाई विद्यालय शिक्षा र उच्च शिक्षामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

**विद्यालय शिक्षाः**

संघ र स्थानीय तहको भूमिकाको स्पष्टताः

नेपालको संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेपछि संघ, प्रदेश र स्थानीय तहबीच भूमिका र जिम्मेवारीमा गम्भीर अन्योल देखिएको छ। पाठ्यक्रम निर्माण, शिक्षक नियुक्ति, तालिम, सरूवा-बढुवा, मूल्यांकन र अनुगमन जस्ता आधारभूत सवालमा स्पष्ट कार्यविभाजन नहुँदा नीतिगत द्वन्द्व, प्रशासनिक खिचातानी र कार्यान्वयनमा अलमल बढेको छ। विशेषगरी शिक्षक व्यवस्थापन कसको अधिकारभित्र पर्छ भन्ने प्रश्न अहिले सबैभन्दा पेचिलो बनेको छ।

नीतिमा स्थानीय अधिकार भनिए पनि व्यवहारमा विद्यालय शिक्षा अझै केन्द्रबाट निर्देशित छ। यसै अस्पष्टताका कारण संघ र स्थानीय तहबीच प्रत्यक्ष द्वन्द्व देखिन थालेको छ।

उदाहरणका लागि हालै शैक्षिक सत्र सुरू गर्ने मिति र आइतबारको बिदासम्बन्धी संघीय निर्णयलाई धेरै स्थानीय तहहरूले अस्वीकार गर्दै आफ्नै क्यालेन्डर अनुसार भर्ना र पठनपाठन सञ्चालन गरे। उनीहरूले संविधानको अनुसूची ८ अनुसार विद्यालय शिक्षा आफ्नो एकल अधिकार भएको दाबी गरेका छन्।

यसले संघीय निर्देशन र स्थानीय स्वायत्तता बीचको टकरावलाई स्पष्ट देखाउँछ। यस्तै, शिक्षक व्यवस्थापनमा पनि द्वन्द्व झन् प्रष्ट हुन्छ । हालै ग्रामथान गाउँपालिकामा एक शिक्षकको सरूवा प्रक्रिया विद्यालय र सम्बन्धित शिक्षकको जानकारी र सहमति बिना नै पालिका प्रमुखकै हस्ताक्षरबाट गरिएको घटनाले अधिकारको प्रयोग कति विवादास्पद र दुरूपयोग समेत हुनसक्ने भन्ने देखाउँछ।

यस प्रकारको अस्पष्टताले स्थानीय आवश्यकता अनुसार शिक्षा विकास नहुने मात्र होइन, जातीय, भाषिक र वर्गीय असमानता झनै गहिरिने जोखिम बढाउँछ । त्यसैले विद्यालय शिक्षामा अधिकार र कार्यक्षेत्रको स्पष्टता, शिक्षामा स्थानीयकरणको ठोस ढाँचा र सामाजिक न्याय उन्मुख शिक्षा प्रणालीका लागि स्पष्ट मार्गचित्र निर्माण गर्नु अत्यावश्यक देखिन्छ। यसका लागि विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकृत गर्न बनेको विधेयकलाई आवश्यक परिमार्जन गरी संसदबाट पास गरेर छिटो कार्यान्वयनमा लैजानुपर्छ।

शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरूको भूमिका र पुनर्संरचनाः हाल शिक्षा मन्त्रालय अन्तर्गत विद्यालय शिक्षाका नीतिगत कार्य गर्ने पाँच महत्वपूर्ण निकाय छन्ः पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षक सेवा आयोग।

पाठ्यक्रम विकास केन्द्रले विद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्री विकास गर्छ। राष्ट्रिय परीक्षा बोर्डले एसइई तथा एसएलसी परीक्षाको सञ्चालन र व्यवस्थापन गर्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षा नीतिको कार्यान्वयनसँगै शिक्षक तालिमका कामहरू गर्छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालय र शैक्षिक निकायहरूको कार्यसम्पादनको नियमित मूल्यांकन गर्छ। शिक्षक सेवा आयोगले स्वीकृत दरबन्दीमा स्थायी शिक्षकको छनोट र बढुवा परीक्षा सञ्चालन गर्छ र योग्य उम्मेदवारको सिफारिस गर्दछ।

यी सबै निकायका काम अत्यन्त प्राविधिक र विशेषज्ञता आवश्यक पर्ने खालका छन्। पाठ्यक्रम निर्माण, बहुआयामिक मूल्यांकन प्रणाली, शिक्षक छनोट, तालिम तथा गुणस्तर परीक्षण जस्ता कार्यहरू सामान्य प्रशासनिक काम होइनन्; यी क्षेत्रमा अध्ययन, अनुसन्धान र विषयगत दक्षता अनिवार्य हुन्छ।

तर हाल शिक्षा मन्त्रालयका यी निकायमा रूचि, क्षमता र विशेषज्ञता अनुसार कर्मचारीको छनोट र बाँडफाँट गर्ने स्पष्ट प्रणाली छैन। त्यसैले 'राइट पर्सन इन द राइट प्लेस' को अवधारणाअनुसार कर्मचारीलाई वर्गीकरण गरी आवश्यक तालिम र तयारी सहित यी निकायका लागि विशेषज्ञ जनशक्तिको स्थायी संयन्त्र विकास गर्नु आवश्यक देखिन्छ।

शिक्षा मन्त्रालयका निकायहरूसँगको हाम्रो सहकार्यको अनुभवले देखाउँछ कि कर्मचारीहरू एक निकायमा राम्रोसँग काम सुरू गर्न नपाउँदै अर्को निकायमा सरूवा हुन्छन् । यस्तो छिटो सरुवा प्रणालीले कुनै पनि निकायमा उनीहरूको गहिरो दक्षता विकास हुन दिँदैन र कार्यसम्पादनमा निरन्तरता पनि कमजोर हुन्छ।

अर्को महत्त्वपूर्ण पक्ष के हो भने पाठ्यक्रम, परीक्षा, मूल्यांकन र शिक्षक तालिमजस्ता कार्यहरू मन्त्रालयअन्तर्गतका प्रशासनिक संरचनाबाट सञ्चालन गर्दा अधिकतम बाह्य जनशक्तिमा निर्भर हुनुपरेको छ। यसले अपनत्व र निरन्तरताको समस्या निम्त्याउँछ । तसर्थ यस्ता प्राविधिक कार्यका लागि सम्बन्धित निकायहरूलाई स्वायत्त पेशागत संस्थाका रूपमा विकास गर्न सकिन्छ, जहाँ नेतृत्व र जनशक्तिमा विषयगत विशेषज्ञता र अनुभव अनिवार्य हुनुपर्छ।

यसैगरी, केही क्षेत्रमा विश्वविद्यालयहरूसँग साझेदारी प्रणाली विकास गर्नु पनि आवश्यक छ । शिक्षक तालिम, शैक्षिक गुणस्तर परीक्षण, पाठ्यक्रम विकास तथा अनुसन्धानका क्षेत्रमा विश्वविद्यालयहरूसँग उच्चस्तरीय जनशक्ति उपलब्ध हुने भएकाले मन्त्रालय र विश्वविद्यालयबीच साझा संयन्त्र निर्माण गरी विशेषज्ञता र स्रोतको प्रभावकारी उपयोग गर्न सकिन्छ।

**पाठ्यक्रम परिमार्जनः**

नेपालको विद्यालय शिक्षाको मुख्य समस्या भनेको पाठ्यक्रम अत्यधिक ज्ञान-केन्द्रित, बोझिलो र पाठ्यपुस्तक-निर्भर हुनु हो। यसले विद्यार्थीमा ज्ञानको बोझ बढाएको छ, तर जीवनोपयोगी सीप, अभिवृत्ति र व्यवहार विकास गर्न भने कमजोर बनेको छ। अबको आवश्यकता भनेको ज्ञानमा आधारित (पलयधभिमनभ-दबकभम) पाठ्यक्रमलाई सक्षमता-आधारित (अयकउभतभलअथ-दबकभम), क्रियाकलापमुखी र जीवनसँग जोडिने पाठ्यक्रम निर्माण गर्नु हो।

**यसका लागि मुख्यतया पाँच कार्य गर्नुपर्छ**

पहिलो, प्रत्येक तह र विषयमा ज्ञानसँगै सीप, अभिवृत्ति र व्यवहार विकास हुने गरी स्पष्ट सक्षमता (अयकउभतभलअभ्मक) निर्धारण गर्नुपर्छ । अहिले पनि यो अभ्यास कक्षा १-३ बाट सुरू भएको छ । तर ती सक्षमताको सूची धेरै लामो र निरन्तरको मापन र त्यसको अभिलेखीकरण गर्न असम्भव हुने स्वरूपको छ।

यस्ता सिकाइ सक्षमता सरल, संक्षिप्त र मापनयोग्य बनाउनु पर्छ। आधारभूत तहमा एउटा विषयका सक्षमता २० देखि ३० भन्दा बढी हुनुहुँदैन । यी सक्षमताको सूची पाठ्यपुस्तकको अनुसूचीमा पनि राख्नुपर्छ र हरेक सक्षमता कुन हदसम्म हासिल हुँदैछ भनेर निरन्तर र आवधिक रूपमा विद्यार्थी र अभिभावकले जानकारी र पृष्ठपोषण पाउने प्रणाली निर्माण गर्नुपर्छ।

सक्षमता निर्धारण गर्दा विषयगत दक्षता र सीपसँगै व्यहारकुशल तथा एक्काइसौँ शताब्दीका सीप जस्तै संचार, सहकार्य, नेतृत्व, समस्या समाधान, आलोचनात्मक चिन्तन, सृजनात्मकता इत्यादि विकास हुने सुनिश्चितता गर्नुपर्छ । यसले सिकाइलाई परिणाममुखी र जीवनोपयोगी बनाउँछ। शैक्षिक सत्रको सुरूमा हरेक शिक्षकको हात-हातमा सिकाइ सक्षमताको सूची हुनुपर्छ र प्रधानाध्यापकले यी सूचीमा विद्यार्थीलाई सक्षम गराउनु होला भनेर 'लर्निङ कन्ट्र्याक्ट' गर्नुपर्छ।

दोस्रो, हालको पाठ्यक्रम अत्यधिक बोझिलो भएकाले यसको विषयवस्तुको आयतन घटाउन जरूरी छ। ज्ञानका सबै पक्ष समेट्ने प्रयासले हालको पाठ्यक्रम बढी सैद्धान्तिक र गह्रौं भएको छ । अब व्यावहारिक रूपमा उपयोगी ज्ञान मात्र राख्नुपर्छ । आवश्यक परे केही विषयमा आधासम्म सैद्धान्तिक विषयवस्तु हटाइ क्रियाकलापमुखी परियोजना थप गर्नुपर्छ।

के राख्ने र के हटाउने भन्ने निर्णय लिन शिक्षक र विषय विज्ञ मात्र होइन, विद्यार्थी, अभिभावक, रोजगार दाता र सामाजिक जीवनमा योगदान गरेका विभिन्न क्षेत्रका व्यक्तिहरूलाई पनि सहभागी गराउनुपर्छ।

तेस्रो, पाठ्यक्रमलाई क्रियाकलापमुखी बनाउँदै पाठ्यपुस्तकमा निर्भरता घटाउनुपर्छ । शिक्षक र विद्यार्थीले अझै पनि 'किताबमा के लेखिएको छ' भन्ने सीमाभित्र सिकाइ सीमित गरिरहेका छन् । तर विश्वभर सिकाइलाई लचिलो बनाउँदै शिक्षकलाई विषयवस्तु र क्रियाकलाप छनोट गर्ने स्वतन्त्रता दिइएको छ। नेपालमा पनि पाठ्यक्रमले सिकाइ उपलब्धिको लचिलो संरचना निर्धारण गर्नुपर्छ, जसले शिक्षकलाई सिर्जनात्मक रूपमा पढाउन प्रेरित गर्छ। पाठ्यपुस्तक सिकाइ सक्षमता हासिल गर्ने माध्यम मात्र हो भन्ने कुरामा शिक्षक र विद्यार्थी दुवै स्पष्ट हुनुपर्छ।

चौथो, अबको पाठ्यक्रममार्फत् प्रविधिलाई सिकाइको मूल अंग बनाउनु आवश्यक छ । आज मोबाइल, इन्टरनेट र डिजिटल स्रोतहरू प्रायः सबै विद्यार्थी र शिक्षकको पहुँचमा छन् । त्यसैले पाठ्यक्रमले प्रविधि प्रयोगलाई ऐच्छिक होइन, अनिवार्य सिकाइको हिस्सा बनाउनुपर्छ । विशेष गरी कम्प्युटर साक्षरतालाई आधारभूत साक्षरतासँगै राखेर विद्यालय तहमा अनिवार्य बनाउनुपर्छ।

# सोह्र–छत्तिस कुलो : स्थानीय अभ्यासबाट विश्व सिद्धान्तसम्म



डी.आर. घिमिरे

अस्ट्रेलिया भ्रमणका क्रममा तास्मानियामा करिब दुई महिना बस्दा त्यहाँका धेरै ऐतिहासिक र सांस्कृतिक स्थलहरू हेर्ने अवसर मिल्यो। तीमध्ये 'रिचमण्ड ब्रिज' को अनुभव मेरा लागि विशेष रह्यो । यो केवल एउटा पुरानो पुल मात्र होइन, इतिहास र पर्यटनको मिलन बिन्दु रहेछ भन्ने अनुभूति त्यहीँ पुगेर भयो । तास्मानियाको रिचमण्ड बस्ती आफैँमा औपनिवेशिक इतिहासलाई जोगाएर राखिएको खुला संग्रहालय जस्तो लाग्छ । त्यहाँको सबैभन्दा प्रमुख आकर्षण यही पुल हो, जसलाई अष्ट्रेलियाको सबैभन्दा पुरानो जीवित फ्रिस्टोन (बलुवा ढुंगा) पुलमध्ये एक मानिन्छ।

यो पुल सन् १८२३ तिर निर्माण सुरु भई सन् १८२५ तिर सम्पन्न भएको रहेछ। निर्माण प्रविधिमा ईँटाको संरचना, ढुंगाका जोडाइ र पानी निकासका साना विवरणहरूले त्यस समयको इन्जिनियरिङ सोचलाई अझ जीवन्त बनाइरहेका छन् ।

रिचमण्ड बस्ती समयसँगै कृषिमा आधारित सानो बस्तीबाट सांस्कृतिक र पर्यटन केन्द्रमा रूपान्तरण भएको रहेछ । सन् १९७० पछि यहाँ सम्पदा संरक्षणमा विशेष ध्यान दिइएछ र पुराना भवनहरूलाई 'कटेज शैली' मा पुनः प्रयोग गर्न थालिएको देखिन्छ। यसै कारणले सन् २००५ मा यस क्षेत्रलाई राष्ट्रिय सम्पदा सूचीमा समावेश गरिएको रहेछ।

आज यही रिचमण्ड ब्रिज तास्मानियाको सबैभन्दा धेरै फोटो खिचिने स्थानहरूमध्ये एक मानिने रहेछ। आज रिचमण्ड ब्रिज केवल ऐतिहासिक संरचना होइन, पर्यटनको प्रमुख आकर्षण पनि बनेको छ । स्थानीयहरूको भनाइअनुसार यहाँ पुगेर यो पुल नहेरी फर्कनु भनेको रिचमण्ड नै नहेरे जस्तो हुन्छ।

मेरा लागि भने यो ब्रिज प्रारम्भिक इन्जिनियरिङको औपनिवेशिक इतिहास बोकेको सांस्कृतिक रूपान्तरणलाई एकैसाथ प्रतिनिधित्व गर्ने जीवित पाठशाला जस्तो बन्यो । बुटवलको सोह्र-छत्तिस कुलो १८औँ-१९औँ शताब्दीमा विकास भएको साझा स्रोत व्यवस्थापनको सुन्दर इतिहास हो । एक सय वर्षपछि कुनै पनि संरचना पुरातात्विक महत्वका हुन सक्ने प्रावधान भएकाले यो कुलोले पनि तदनुसारको हैसियत प्राप्त गर्न सक्ने अवस्था छ। यस अर्थमा अब यो कुलोलाई देखाएर बुटवलले पर्यटक भित्राउन सक्ने देखिन्छ। तर, हामीले यसप्रति चरम बेवास्ता गरेका छौँ। बुटवलको सोह्र-छत्तिस कुलो १८औँ-१९औँ शताब्दीमा विकास भएको साझा स्रोत व्यवस्थापनको सुन्दर इतिहास हो । एक सय वर्षपछि कुनै पनि संरचना पुरातात्त्विक महत्वका हुन सक्ने प्रावधान भएकाले यो कुलोले पनि तदनुसारको हैसियत प्राप्त गर्न सक्ने अवस्था छ।

विश्वमा पश्चिमी विद्वानहरूले साझा स्रोत व्यवस्थापनको सिद्धान्त यही कुलोका आधारमा तयार गरेका हुन्। यसले देखाएको व्यवस्थापनलाई अध्ययन गरेपछि विश्वले यो व्यवस्थापन प्रणालीलाई मान्यता दियो । जबकि यस क्षेत्रका किसानहरूले यो सिद्धान्त पढेर होइन, व्यवहारमा उतारेर स्थापित गरेका थिए। यस अर्थमा यो कुलोलाई संरक्षण तथा 'ब्रान्डी' गर्दा विदेशी अध्येताहरू सशुल्क यहाँ आएर महिनौँ बस्न सक्नेछन्। विडम्बना यसप्रति स्थानीय सरकारले जुन तहबाट ध्यान दिनु पर्ने हो, तदनुसारको ध्यान पुग्न सकेको छैन । यसको ऐतिहासिक पक्षलाई केलाउँदा स्थानीय किसानहरूले प्राकृतिक मुहानहरूबाट पानीको व्यवस्थापन गर्दै जाँदा क्रमिक रूपमा कुलो विस्तार भयो । र, यस प्रणालीले कृषि उत्पादन वृद्धि मात्र होइन, सामाजिक सङ्गठन र सहकार्यलाई पनि मजबुत बनाएको उदाहरणका रूपमा लिइन्छ।

बुटवल आसपासका खेतहरू सिँचाइ गर्ने यो सोह्र छत्तिस कुलो सामान्य सिँचाइ गर्ने नहर मात्र होइन, समुदाय, अनुशासन र सहकार्यको नमुना पनि हो । यो कुलोले हामीलाई स्रोत साझा हुँदा व्यवस्थापन पनि साझा हुनुपर्छ भन्ने एउटा पाठ सिकाइरहेको छ।

नेपालले साझा स्रोत व्यवस्थापनको नमुना ५० को दशकदेखि सामुदायिक बनको अवधारणा स्थापित गरेर पनि विश्वलाई नयाँ पाठ सिकायो, त्यसलाई पनि हामीले बिर्सँदै गइरहेका छौँ । वास्तवमा यी दुवै श्रोत व्यवस्थापनका लागि नेपालका मौलिक सिद्धान्त हुन् । जसलाई आधार मानेर संसारलाई अध्ययनका लागि नेपालमा आकर्षित गर्न सकिन्छ। तर यस्ता विषयप्रति हाम्रा जनप्रतिनिधि र नीति निर्माताहरू बेखवर छन् । र, उनीहरूलाई यस्ता विषयमा सुन्ने धैर्यता पनि छैन । सन्दर्भ बुटवल क्षेत्रको यो परम्परागत प्रणालीको अतिक्रमणमा देखिएको मौनता हो । यो कुलो प्रणाली बारम्बार अतिक्रमणको चपेटामा परेको छ । जबकि यसले राज्य वा निजीकरणबिना पनि स्थानीय समुदायले पानी जस्तो संवेदनशील स्रोतलाई न्यायोचित रूपमा वितरण गर्न सक्छ भन्ने मान्यता स्थापित गरेको छ। सरल र प्रभावकारी यो अभ्यासले किसानहरूबिच विश्वास जगाएको छ।

नियम तोड्नेलाई दण्ड, काम नगर्नेलाई सामाजिक दबाब जस्ता कारबाहीका प्रकरण औपचारिक कानुनभन्दा प्रभावकारी भएका थिए र छन्। नेपालका सिँचाइ र सामुदायिक वन संरक्षणका यस्तै विषयमा आधारित भई साझा स्रोत व्यवस्थापनको सिद्धान्त प्रस्तुत गर्ने विश्व प्रसिद्ध अर्थशास्त्री एलिनोर ओस्ट्रोमले सन् १९९० मा नोबेल पुरस्कार पाएकी थिइन्।

उनले आफ्नो अनुसन्धानको निष्कर्षमा भनेकी थिइन्– समुदाय आफैले नियम बनाएर दिगो रूपमा स्रोत चलाउन सक्छ। उनले यस्तै प्रणालीको अध्ययन गरी ८ वटा सिद्धान्त स्थापित गरेकी थिइन्। आखिर के थिए त ती सिद्धान्त आउनु त्यसबारे जानौँ।

पहिलो, स्पष्ट सीमांकनः यस अन्तर्गत श्रोतको सिमाङ्कन थियो । जस्तैः पानी, वन र प्रयोगकर्ताको सीमा। जस अन्तर्गत कसले प्रयोग गर्न पाउने, कसले नपाउने भनेर पहिचान स्पष्ट हुनुपर्छ। दोस्रो, स्थानीय अवस्थाअनुसार नियमः स्रोतको प्रयोगका नियमहरू स्थानीय आवश्यकता र अवस्थाअनुसार हुनुपर्छ। जस्तै पानीको बाँडफाँट, समय र श्रम सबै स्थानीय सन्दर्भमा आधारित हुनुपर्छ।

तेस्रो, सामूहिक निर्णय प्रक्रियाः नियम बनाउने प्रक्रियामा उपभोगकर्ताहरूको सहभागिता अनिवार्य छ । ता कि 'हामीले बनाएको नियम' भनेर अपनत्वको भावना जगाउन सकियोस्।

चौथो, निगरानीः स्रोतको प्रयोग र नियम पालना भइरहेको छ कि छैन भन्ने निगरानी हुनुपर्छ । र, निगरानी गर्ने व्यक्ति समुदायप्रति उत्तरदायी हुनुपर्छ।

पाँचौँ, क्रमिक दण्ड व्यवस्थाः नियम उल्लङ्घन गर्नेलाई दिइने दण्ड क्रमशः बढाउँदै जानु पर्छ । जस्तो कि सुरुमा चेतावनी, त्यसपछि पछि जरिवाना र अन्तमा कडा कारबाही।

छैटौँ, विवाद समाधान संयन्त्रः छिटो, सस्तो र सजिलो तरिकाले स्थानीय तहमै विवाद समाधान गर्ने व्यवस्था मिलाउनु पर्छ।

सातौँ, स्वशासनको मान्यताः समुदायको नियम बनाउने अधिकारलाई बाह्य निकाय (सरकारका अङ्ग आदि) ले मान्यता दिनुपर्छ । ता कि कुनै प्रकारको असजिलो नआओस् । अथवा समुदाय स्वतन्त्र रूपमा सञ्चालन हुन पाउने व्यवस्था हुनुपर्छ । आठौँ, बहुस्तरीय संरचनाः ठुला प्रणालीहरूमा साना-साना तहहरू मिलेर (स्थानीय, क्षेत्रीय, राष्ट्रिय स्तरमा समन्वय) काम गर्ने संरचना बनाइनु पर्छ। यसरी हेर्दा ओस्ट्रोमको मुख्य सन्देश थियो- 'साझा स्रोतलाई टिकाउ बनाउन समुदायलाई अधिकार, जिम्मेवारी र नियम आवश्यक हुन्छ।' यस अर्थमा सोह्र-छत्तिस कुलो केवल स्थानीय सिँचाइ प्रणाली होइन, विश्वस्तरीय साझा स्रोत व्यवस्थापनको व्यवहारिक उदाहरण हो। यसले देखाउँछ कि स्थानीय समुदायको सहभागिता र स्वशासनले दिगो विकास सम्भव छ।

सोह्र-छत्तिस कुलो विश्वस्तरको उदाहरण हुनुमा निम्न कारण प्रमुख छन् । पहिलो, राज्यको प्रत्यक्ष नियन्त्रण बिना सञ्चालन दोस्रो, पानी बाँडफाँट, पालो प्रणाली र दण्ड व्यवस्था। तेस्रो, मर्मत तथा संरक्षणको काम सामूहिक रूपमा नै हुन्थ्यो । चौथो, यो पुस्तौँदेखि निरन्तर सञ्चालनमा छ । सोह्र-छत्तिस कुलो विश्वस्तरको उदाहरण हुनुमा निम्न कारण प्रमुख छन्।

# जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा हिमा गाउँपालिका प्रथम



कॉंक्रेविहार संवाददाता
जुम्ला, २६ वैशाख

जुम्ला जिल्लाको हिमा गाउँपालिका-२ स्थित ओदीमा सञ्चालन भएको १६औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा हिमा गाउँपालिकाका प्रथम भएको छ। शुक्रबार भएको फाइनल खेलमा हिमाले २५ वटा स्वर्ण पदक प्राप्त गरी प्रथम भएको हो।

चन्दननाथ नगरपालिकाले १४ वटा स्वर्ण पदक प्राप्त गरी दोस्रो स्थान हुँदा पातारासी गाउँपालिका पाँच स्वर्ण पदकसहित तेस्रो भएको हिमा गाउँपालिका खेलकुद तथा शिक्षा शाखा प्रमुख बमबहादुर शाहले जानकारी दिए।

यसैगरी क्रमशः कनकासुन्दरी गाउँपालिका चौथो, सिंजा पाँचौं, तिला सातौं र तातोपानी गाउँपालिकाका आठौं भएका शाहले जानकारी दिए। यहाँका सातवटा स्थानीय तहबाट छनोट भएर आएका खेलाडी जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा सहभागी भएका उनले बताए।

जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा कराँते, उशु, तेक्वान्दो, भलिबल, एथलेटिक्स, कबड्डीलगायत खेल भएको हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीले जानकारी दिए। जिल्लाका आठवटा स्थानीय तहमध्ये गुठीचौर गाउँपालिकाबाहेक सात स्थानीय तहले प्रतियोगितामा सहभागिता जनाएको गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले जनाएको छ।

# देउवा समूहको विमतिबीच कांग्रेसले भन्यो, 'सबै वडामा क्रियाशील सदस्यता अद्यावधिक भइरहेको छ'

कॉंक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

नेपाली कांग्रेसले १५ औं महाधिवेशनलाई लक्षित गर्दै देशभरका ६ हजार ७४३ वटै वडामा क्रियाशील सदस्यता डिजिटल प्रणालीमार्फत अद्यावधिक गर्ने कार्य तीव्र रूपमा अघि बढाएको जनाएको छ।

पार्टीका कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले विज्ञप्ति जारी गर्दै क्रियाशील सदस्यहरूलाई आफ्नो आधिकारिक मोबाइल नम्बर पार्टीको केन्द्रीय कार्यालयको आधिकारिक नम्बर ९७०१२५५५५५ मा सूचीकृत गराउन आग्रह गरेका हुन्।



विज्ञप्तिमा भनिएको छ, '१५ औं महाधिवेशनका लागि क्रियाशील सदस्यता अद्यावधिक गराउने प्रक्रियामा आफ्नो आधिकारिक मोबाइल नम्बर मार्फत नेपाली कांग्रेस केन्द्रीय कार्यालयको आधिकारिक मोबाइल नम्बर ९७०१२५५५५५ मा आफ्नो मोबाइल नम्बर सूचीकृत गराउन एकपटक सम्पर्क गर्न नेपाली कांग्रेसका सम्पूर्ण क्रियाशील सदस्यहरूलाई अनुरोध गरिन्छ।'

सदस्यहरूले एकपटक उक्त नम्बरमा सम्पर्क गरी आफ्नो मोबाइल नम्बर दर्ता गराएपछि वडा सभापतिमार्फत क्रियाशील सदस्यता अद्यावधिक गर्ने प्रक्रिया सहज, छिटो तथा व्यवस्थित हुने जनाएका छन्।

पार्टीको निर्णय अनुसार सदस्यता अद्यावधिक कार्य जारी राखेपनि पूर्वसभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूह यो प्रक्रियामा सहभागी भएको छैन।

सो समूहले १५ औं महाधिवेशनको लागि सदस्यता अद्यावधिक भइरहेको जिकिर गर्दै गगन नेतृत्वको कार्यसमितिले गराएको अद्यावधिक स्वीकार नगर्ने अडान लिइरहेको छ।

# 'निरंकुश कदमविरूद्ध आवाज उठाउनुस्, तपाईंहरूको साथमा म छु'

कॉंक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुकुम्वासीको पक्षमा आफू रहेको बताएका छन्। हेटौंडा पुगेका अध्यक्ष साम्पाङले सुकुम्वासीमाझ सम्बोधन गर्दै कसैलाई पनि घरबारबिहिन हुन नदिने प्रतिबद्धता जनाए।

उनले भने, 'जनतालाई विस्थापित गर्ने, घर भत्काएर खेदाउने र सुकुम्वासी बनाउने काम हुनुहुँदैन। हाम्रो पहिलो प्रतिनिधिसभाको पहिलो बैठकमा नै मैले यस एजेन्डालाई राखेको छु। कसैले केही गरोस् वा नगरोस्, म सधैं यहाँहरूको पक्षमा छु। सबैलाई बासको अधिकार छ, यो



संविधानले दिएको मौलिक हक हो। घर भत्काएर जनतालाई आतङ्कित गर्ने काम हुनुहुँदैन।'

उनले मेचीदेखि महाकालीसम्मका जनता एकजुट भएर सरकारको निरंकुश कदमविरुद्ध आवाज उठाउनुपर्ने बताए। जनताको दुखमा आफू सधैं साथमा रहने बचन दिए।

उनले थपे, चाहे संसद्मा होस् वा सडकमा, नेपाली जनताको बाँच्न पाउने अधिकार सुनिश्चित गर्न म निरन्तर लागिरहनेछु।

# बालेन ओलीजस्तै भइसके: दुर्गा प्रसाईं

कॉंक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले सरकारले सुकुम्वासी बस्तीमा डोजर लगाएकोप्रति असन्तुष्टि जनाएका छन्।

भक्तपुरस्थित आफ्नै निवासमा आयोजित पत्रकार सम्मेलनमा उनले गरिब तथा श्रमिक वर्गमाथि अन्याय भएको आरोप लगाए।

उनले प्रधानमन्त्री बालेन शाहले सामाजिक सञ्जाल र 'अल्गोरिदम' को प्रयोग गरेर फाँसीवादी शैलीमा शासन चलाउने प्रयास गरिरहेको बताए। जीवनभरको मेहनतबाट बनाइएका घरहरू भत्काइँदा गरिबका सपना चकनाचुर भएको बताए।

उनले भने, 'तपाईंलाई यी गरिबको आँसु लाग्छ, वृद्धा अवस्थाका आमाहरू रुँदै गरेका थिए, एकल महिलाहरू रुँदै गरेका थिए जो लघुवित्त र सहकारीबाट पीडित भएका थिए। जीवनभरिको कमाइले घर बनाएका थिए उनीहरूले। कसैले मकै बेचेर, कसैले गिट्टी बोकेर घर बनाएका थिए, कसैले घरमा रङ्ग



लगाएर मजदुरी गरेर चाहिँ घर बनाएका थिए, कसैले भारी बोकेर घर बनाएका थिए तर ती सबै घर भत्किए। घरमात्रै भत्किएन गरिबका सपना पनि भत्किए।'

चुनावअघि नै आफूले दललाई एक ठाउँमा राखेर चुनावमा नजान सुझाव दिएको जिकिर गरे। उनले बालेनलाई प्रधानमन्त्री बनाएर गरिब लखेट्ने योजना बनाइएको उनको भनाए छ।

उनले भने, 'हामीलाई धनी मात्र होइन, मजदुर, ड्राइभर, खलासी, जुत्ता सिलाउने मोची, कपाल काट्ने नाई सबै चाहिन्छ। धनी वर्ग केन्द्रित 'सिटी' बनाउने प्रयास भइरहेको छ।'

उनले अहिले घण्टीमा भोट हाले भन्नेहरू एक महिनामै लुक्ने अवस्थामा पुगिसकेको बताए। उनले केपी ओलीले जस्तै बालेनले पनि शक्ति आफ्नो हातमा ल्याइरहेको भन्दै शक्ति भनेको जनता भन्ने नभुल्न चेतावनी दिए।

# अमेरिका र इरानबिच आगामी हप्ता वार्ता हुने सम्भावना

कॉंक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

अमेरिका र इरानबिच अर्को हप्ता पाकिस्तानको राजधानी इस्लामाबादमा पुनः वार्ता हुने सम्भावना देखिएको छ।

इस्लामाबादमै गरिएको पहिलो चरणको वार्ता असफल भएपछि दुई देशबिच दोस्रो वार्ता गर्ने तयारी भइरहेको हो।

वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार, दुई देशले मध्यस्थकर्तामार्फत सम्झौताको मस्यौदामा काम गरिरहेका छन्, जसले एक महिनासम्म चल्ने औपचारिक वार्ताका लागि मार्गप्रशस्त गर्न सक्छ।

रिपोर्टमा भनिएको छ, 'अमेरिकाले प्रस्ताव गरेको १४ बुँदे मस्यौदामा इरानको आणविक कार्यक्रम, होर्मुज स्ट्रेटमा तनाव कम गर्ने र इरानको समृद्ध युरेनियम भण्डार अर्को देशमा स्थानान्तरण गर्नेजस्ता मुद्दा समावेश छन्।'

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानबाट चाँडै प्रतिक्रियाको अपेक्षा गरेका छन्।

उनले भनेका छन्, 'यदि वार्तामा प्रगति भयो भने युद्धविराम लम्ब्याउन सकिन्छ।' यसैबिच अल जजिराको रिपोर्टअनुसार, इरानले भने आफ्नो आणविक कार्यक्रम वा अत्यधिक समृद्ध युरेनियमका विषयमा कुनै सम्झौता नगर्ने बताएको छ।

# सुदूरपश्चिमका मुख्यमन्त्रीले उठाए सरकार परिवर्तनको विषय



कॉंक्रेविहार संवाददाता
धनगढी, २६ वैशाख

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले कांग्रेस सभापति गगन थापा धनगढी आउने तय भएपछि सरकार परिवर्तनको चर्चा सुरू भएको बताएका छन्।

धनगढीमा शनिबार सुरु भएको प्रदेश तथा स्थानीय तह केन्द्रित भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहले थापाकै अगाडि यस्तो बताएका हुन्।

'सभापति यहाँ आउने चर्चा सुरु भएसँगै यहाँ पनि सरकार परिवर्तन र फेरबदलको चर्चा सुरु भएको छ,झ उनले भने, 'शारीरिक, मानसिक र वैचारिक रूपमा प्रतिस्पर्धा गर्ने हिम्मत र साहस मसँग छ। गैरजिम्मेवार र गैरराजनीतिक संस्कार नदेखाउन अनुरोध छ।झ

समानुपातिक सांसदलाई फिर्ता बोलाएर भए पनि सरकार परिवर्तन गर्ने तयारी गरिरहेको भन्दै चर्चा गरिएको मुख्यमन्त्री शाहले बताए। उनले आफू पद जोगाउन नभइ लोकतान्त्रिक मान्यताअनुसार भेला र सभापतिको स्वागतमा गएको बताए।

# हुलाकबाट घरमै राहदानी



कॉंक्रेविहार संवाददाता
सुर्खेत, २६ वैशाख

जिल्ला प्रशासन कार्यालय सुर्खेतले राहदानी अब हुलाकबाटै सेवाग्राहीको घरमा पुर्‍याउने भएको छ। यसका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्याय र हुलाक निर्देशनालय सुर्खेतका निर्देशक गोविन्दप्रसाद पाण्डेले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

गत चैत १३ गतेको मन्त्रिपरिषद् बैठकले सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गर्ने निर्णय गरेको थियो। सोही निर्देशनअनुसार सम्झौता भएको हुलाक निर्देशनालय सुर्खेतका निर्देशक पाण्डेले जानकारी दिए।

निर्देशक पाण्डेले सर्तअनुसार हुलाक निर्देशनालय सुर्खेतले जिल्ला प्रशासनले उपलब्ध गराएको राहदानी बढीमा सात दिनभित्र सेवाग्राहीको घरमा पुर्‍याउनु पर्नेछ। विविध कारणबसः वितरण गर्न नसकेका राहदानी जिल्ला प्रशासन कार्यालयलाई फिर्ता गर्नुपर्ने तथा राहदानी सुरक्षा संवेदनशीलता ध्यानमा राखी सुरक्षित साथ ढुवानी र वितरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ।

गृह मन्त्रालय तथा हुलाक सेवा विभागको परिपत्रअनुसार राहदानी सेवा घरदैलोमा उपलब्ध गराउँदा लाग्ने नियमानुसारको हुलाक दस्तुर/महसुल सम्बन्धित सेवाग्राहीबाट असुलउपर गरिने निर्देशक पाण्डेले बताए। उनका अनुसार हुलाक निर्देशनालयले राहदानी वितरणका लागि १०० थान खाममा हुलाक महसुलबापत लाग्ने टिकट टाँस गरी प्रशासनका कार्यालयको राहदानी शाखामा बुझाउनेछ। सम्झौता आजैदेखि लागू हुनेछ।

# विधिको शासनप्रति न्यायपालिका प्रतिबद्ध छ : कामु प्रधानन्यायाधीश

कॉंक्रेविहार संवाददाता
काठमाडौं, २६ वैशाख

सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले संवैधानिक सर्वोच्चता र विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका निरन्तर प्रतिबद्ध रहेको बताएकी छन्।

७४औं कानुन दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले संवैधानिक सर्वोच्चता, स्वतन्त्र तथा निष्पक्ष न्यायपालिकाको मान्यता, नागरिकका हकअधिकारको संरक्षणमा विचलित नहुन पनि अपिल गरेकी छिन्।

'संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न सबैमा सकारात्मक सोच र भावना प्रदान गर्नुपर्छ,' शनिबार मल्ले जारी गरेको शुभकामना सन्देशमा भनिएको छ। 'वर्तमान परिस्थितीमा अलिकति पनि विचलित नभई नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न कानून दिवसले सबैमा सकारात्मक सोच र भावना प्रदान गर्न सकोस्,' उनले भनेकी छन्।



न्यायपालिकामा गरिने सुधारको विषय न्यायपालिकाको एकाङ्की विषय नभई न्यायपालिकाको स्वतन्त्रता एवं सुदृढीकरण राज्यका समस्त अङ्गहरूको साझा दायित्व भएको उनको भनाई छ।

'यस साझा दायित्वको निर्वाहमा सबैको एकजुट एवं समन्वयित प्रयास अपरिहार्य छ,' कामु प्रधानन्यायाधीशको सन्देशमा भनिएको छ, 'न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यमा न्यायाधीश, सरकारी वकिल तथा कानून व्यवसायी, न्यायपालिकामा कार्यरत कर्मचारीलगायत सरोकारवाला निकाय एवम् संस्थाहरूको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।'

उनले संविधान, कानुन र न्यायका मान्य सिद्धान्तअनुरूप न्यायपालिकाले न्याय सम्पादन गर्दै आइरहेको पनि बताएकी छन्।

न्यायपालिकाले न्यायिक सुधारलाई संस्थागत र प्रभावकारी बनाउने उद्देश्यले विसं २०६१ सालदेखि रणनीतिक योजना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्दै आएको जानकारी पनि उनले दिएकी छन्।

'हाल पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको क्रममा छ, आर्थिक वर्ष २०८१र८२ मा उक्त योजनाका कार्यान्वयन सूचकहरू उत्साहजनक तथा सकारात्मक देखिएका छन्, जसबाट न्यायिक क्षेत्रका विभिन्न आयाममा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। प्राप्त यी उपलब्धिहरूको संरक्षण, संस्थागत सुदृढीकरण तथा सुधार प्रक्रियामा थप प्रभावकारिता अभिवृद्धि गर्न न्यायपालिका दृढतापूर्वक प्रतिबद्ध रहेको छ', उनले भनेकी छन्।

नेपाल प्रधान न्यायालय ऐन, २००८ विसं २००९ साल वैशाख २६ गतेबाट लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसको रुपमा मनाउने गरिन्छ।

# ६ लाख भारूसहित दुई जना पक्राउ

कॉंक्रेविहार संवाददाता
बाँके, २६ वैशाख

बाँकेमा प्रहरीले स्रोत नखुलेको ६ लाख भारतीय रुपैयाँसहित दुई जनालाई पक्राउ गरेको छ। जिल्लाको नरैनापुर गाउँपालिकातर्फ हिँडेका उनीहरूलाई अटो रिक्सामा विशेष सूचनाका आधारमा जाँच गर्दा अवैध भारतीय ५०० र १००० का नोटसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिए। नेपालगञ्ज उपमहानगरपालिका- २ स्थित एकलैनीबाट नरैनापुर गाउँपालिका- ५ बस्ने २९ वर्षीय वीरवल कुम्हार, सोही गाउँपालिका- ४ बस्ने ३८ वर्षी मुनिव खाँलाई पक्राउ गरिएको उनले बताए।

सो रकम आन्तरिक राजस्व कार्यालय, कोहलपुरमा बुझाइएको छ भने पक्राउ परेकालाई हिरासतमा लिएर अनुसन्धान गरिएको जिल्ला प्रहरी कार्यालय, बाँकेले जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# राहदानी घरमै पुऱ्याउन तयार छन् 'हल्कारा'



**कॉंक्रेविहार संवाददाता**
महेन्द्रनगर, २६ वैशाख

दश दिनअघि जिल्ला प्रशासन कार्यालय कञ्चनपुर र जिल्ला हुलाक कार्यालयबीच राहदानी वितरण गर्नेसम्बन्धी सम्झौता भएअनुरूप सेवाग्राहीको घरमै राहदानी पुऱ्याउन 'हल्कारा' तयारी अवस्थामा छन् ।

हुलाक कार्यालयमा आएका चिठी, पत्रपत्रिका र पार्सल सम्बन्धित व्यक्तिको हातमा पुऱ्याउने श्रेणीविहीन कर्मचारीलाई 'हल्कारा' भनिन्छ । जिल्ला हुलाक कार्यालयले हुलाक सेवालाई आधुनिकीकरण गरी 'सरकारी कुरियर सेवा' सञ्चालन गरिरहेका बेला प्रशासन कार्यालयसितको सम्झौतामा आगामी दिनमा घरदैलोमै राहदानी चाहने सेवाग्राहीका लागि सहजता दिन तयारी गरिसकेको छ ।

जिल्ला हुलाक कार्यालयका प्रमुख सरोज पाण्डेयले प्रशासन कार्यालयसितको सम्झौतापछि घरमै राहदानी पुऱ्याउने कामको प्रक्रिया सुरु भइसकेको जानकारी दिए । "प्रशासनमा राहदानी फारमसँगै घरमै राहदानी चाहने सेवाग्राहीले ठेगानासहितको छुट्टै फारम पनि सो प्रयोजनका लागि फारम भर्न थालिसकेका छन्," प्रमुख पाण्डेयले भने, "अबको दुई सातापछि नयाँ राहदानी जिल्लामा पुग्नासाथ हुलाक कर्मचारी जिल्लाभर वितरण थाल्नेछन् ।" उनले त्यसका लागि कञ्चनपुरका नौवटै पालिकाका हुलाका कार्यालय तयारी अवस्थामा रहेको जानकारी दिए ।

"हुलाकका हुलाकी, पत्र वितरक, डाक बाहक, हुलाकी प्रतिनिधि र हल्कारालगायतका पदमा जिल्लाभर ५४ जना कर्मचारी छन्", पाण्डेयले भने, "प्राप्त भएको राहदानीहरू सेवाग्राहीको घरसम्मै पुऱ्याउने काम हल्कारा (श्रेणीविहीन कर्मचारी)ले गर्नेछन् ।" दुई गाउँपालिका र सात नगरपालिका रहेको कञ्चनपुरमा सबै पालिकामा हुलाका कार्यालयमार्फत सेवा प्रदान भइरहेको छ । "यहाँको कान्छो हुलाक कार्यालय लालझाडीमा स्थापना पछिल्लो समय भयो", उनले भने, "अब सेवाग्राहीले राहदानी लिन कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास छ ।"

सरकारको स्वीकृत १०० कार्यसूचीअन्तर्गतको बुँदा नं २७ मा उल्लेखित सरकारी सेवा घरमै उपलब्ध गराउने नीतिअनुसार यो सेवा कार्यान्वयनमा ल्याइएको जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जनाएको छ । प्रशासन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सेवाग्राहीको राहदानी घरमै पुऱ्याउने सेवा आरम्भ भइसकेको जानकारी दिएको छ ।

## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्कः ०८३-५२०२३४/०८३५२०१७५

## वन डढेलो लाग्ने कार्य नगर्न र गर्न नदिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको अनुरोध

सुख्खायाम शुरू भएसँगै यस प्रदेशका विभिन्न जिल्लाहरूमा वन डढेलोका घटनाहरू वृद्धि भईरहेको र वन डढेलो लगाउनु प्रचलित कानून बमोजिम दण्डनीय कार्य भएकोले वन डढेलो लाग्ने कुनै पनि कार्य नगर्न र कोही कसैलाई गर्न नदिनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले यो सूचना जारी गरेको छ । साथै वन डढेलोका घटनाहरू देखेमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय तथा सुरक्षा निकायहरूलाई तत्काल जानकारी गराउनु हुनको लागि समेत अनुरोध छ । वन डढेलो नियन्त्रणको लागि सबै डिभिजन वन कार्यालयमा वन डढेलो फोकल टिम निर्माण गरी तैयारी अवस्थामा राख्नको लागि समेत सबै सब-डिभिजन वन कार्यालयहरूलाई यो सन्देश जारी गरिएको छ ।

कर्णाली प्रदेश सरकार
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत

## आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्वपूर्ण सूचना

- आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रुपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ ।
- आयुर्वेद औषधिको **Expiry** मिति हेरेर मात्र प्रयोग गरौं ।
- आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं ।
- झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरुबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं ।
- आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरुको व्यवस्थापन गर्न सकिन्छ । यसको लागि अनिवार्य रुपमा आयुर्वेद स्वास्थ्य संस्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं ।
- आयुर्वेद उपचार एवं परामश लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस् ।

**प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र**
कर्णाली प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

यस संस्थालाई एक जना प्रबन्धक (व्यवस्थापक) आवश्यक परेकोले व्यवस्थापक पदका लागि सात (७) दिने सूचना प्रकाशन गरिएको छ ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. व्यवस्थापकको लागि निवेदन दस्तुर शुल्क रू : ५००।- (अक्षरूपि पाँच सय मात्र)
३. शैक्षिक योग्यता : व्यवस्थापक पदका लागि शैक्षिक योग्यता न्यूनतम +२ पास वा सो सरह साथै दुई वर्ष सहकारी संस्था वा वित्तिय संस्थाहरूमा दुई (२) वर्ष काम गरेको अनुभव भएको
४. आवेदन दिने अन्तिम मिति : २०८३/०२/०२ सम्म ।
५. सेवा सुविधा : आपसी समझदारीमा ।

**श्री शिव शक्ति बहुउद्देश्यीय सहकारी संस्था लि.**
वीरेन्द्रनगर-६, सुर्खेत

